# चन्द्रागिरि नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

# २०७९-२०८४



**चन्द्रागिरि नगरकार्यपालिका, बलम्बु, काठमाण्डौ**
**कार्यपालिकाबाट पारित मितिः____________**

www.chandragirimun.gov.np

## विषय सुची


१. पृष्टभुमी
२. अवस्था विस्लेषण
३. सरोकारवाला पहिचान
४. लक्शित वर्ग पहिचान
५ दिर्घकालिन सोच
६. ध्यय
७ लक्षय
८. उद्देश्य
९ लैंगिक समानता तथा सामाजिक समाबेसिकरण (लैससास) नीति
१०. लैससास राननीति
१०.१ मुलप्रबाहिकरण
१०.२ सशक्तिकरण
१०.३ क्षमताविकास
१०.४  समन्वय र सहजिकरण
१०.५ अनुगमन र मुल्यांकन
११. रणनीतिक क्रियाकलाप
१२. बित्त व्यबस्थापन
१३. कानुनि व्यवस्था
१४. रणनीति कार्यान्वयनको जिम्मेवारी र दायित्व
१५. रणनीति कार्यन्वयन अनुगमन सम्बन्धि व्यवस्था
१६. सम्भाव्य जोखिम र न्युनिकरणका उपायहरु
१६.१ . सम्भाव्य जोखिम
१६.२. जोखिम न्युनिकरणका उपायहरु
१७. निश्कर्ष

# १. पृष्टभुमी

## १.१. पालिका परिचय

चन्द्रागिरी नगरपालिका नेपालको प्रदेश नं ३, काठमाडौं जिल्ला भित्रको सबभन्दा ठुलो नगरपालिका हो । नेपाल सरकारको निर्णय बमोजिम मिति २०७१ मसिंर १६ गते स्थानीय विकास मन्त्रालयले थप ६१ वटा नयाँ नगरपालिका थप्दा काठमाडौं जिल्लाको दक्षिण-पश्चिम भेगमा रहेको थानकोट, दहचोक, नैकाप नयाँभञ्ज्याङ, वाडभञ्ज्याङ, बलम्वु, महादेवस्थान, तीनथाना, सतुंगल, मातातीर्थ, मच्छेगाउँ र नैकाप पुरानोभञ्ज्याङ गरी जम्मा ११ गाउँ विकास समितिहरूलाई समेटेर जम्मा २५ वडा बनाई चन्द्रागिरी नगरपालिका घोषणा गरिएको हो। नेपालको संबिधान अनुसार राज्य पुनसंरचना आयोगको पुनसंरचना पछि नेपाल सरकार, मन्त्रीपरिषदको २०७३ फागुन २२ को स्थानीय तह पुनः संरचनासम्बन्धी निर्णय फागुन २७ मा राजपत्रमा प्रकाशित भएपछि स्थानीय तहको व्यवस्था लागू भइ चन्द्रागिरी नगरपालिकामा जम्मा १५ वडा कायम भएको हो । यसको केन्द्र बलम्वुमा रहको छ।

## १.२. रणनीति तर्जुमाको आवश्यकता र औचित्य

नेपालको संविधानले दिशा निर्देश गरेबमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ ।

नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ ।साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिकत स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ। नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र

सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ।

साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्नसकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात् गरिएको छ। सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिकरुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको; विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था गरेको; स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था; योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यकममा जोड दिदै लैससास प्रवर्धन गर्ने लगायतको व्यवस्था उल्लेख गरेको छ। यसका साथै लैससासका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समय देखि नै प्राथमिकताका साथ आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

यसै सन्दर्भमा स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम कानूनी उत्तरदायीत्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी

विकासलाई प्रबर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति" तयार गरिएकोछ ।

विकास प्रकृयामा मुख्यतया ३ वटा सामान्य तर जटील प्रश्नहरुको जवाफ खोज्ने गरिन्छ । पहिलो प्रश्न ऐल म कहाँ छु ? दोश्रो अव म कहाँ र किन जाने ? र तेश्रो त्यो कसरी संभव छ ? पहिलो प्रश्नले वर्तमान अवस्था विश्लेषण गराउँछ, दोश्रो प्रश्नले लक्ष र अपेक्षित उपलव्धी निर्धारण गर्दछ भने तेश्रो प्रश्नले नीति तथा रणनीति तयारी गराउछ भन्ने हुन्छ। चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र अन्य विकास साझेदारहरुवाट हुने कार्यक्रमहरुले आ-आफ्नो ढंगवाट लैङ्गिक समनता तथा सामाजिक समावेशीकरणको नीति तथा रणनीति वनाई कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रममा दोहोरोपना हुने, कार्यान्वयन गर्न अप्ठेरो हुने र कार्यक्रमको प्रभावकारितामा कमी आउने भएकोले यी निकायहरुवाट संचालन हुने कार्यक्रम आयोजनाका लागि समेत मार्गदर्शन हुने गरि यस चन्द्रागिरि नगर पालिकाको लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तयार गरिएकोछ ।यो रणनीतका प्रमुख उपयोगकर्ताहरु चन्द्रागिरि नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विकास साझेदारहरु तथा गैह्रसरकारी संघ-संस्थाहरु हुनेछन ।

*विभिन्न , धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिकत स्थिति, गर्भाविस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै क्षेत्र बिच क्षेत्रमा रहेको अन्तरको अन्त्य गर्न व्यक्तिमा रहेको सोच र सामाजिक संरचनालाई रुपान्तरण गर्दै समानता तर्फ अगाडि बढ्न लैंगिक समानता र सामाजिक समावेशीकरणलाई प्रमुख औजार/माध्ययम (Tools) को रुपमा अंगिकार गरी काम गर्नुपर्ने आवश्यकता रहेको छ । र यी विभेदको अन्त्यका लागि यो रणनीति तयार गरिएको हो ।*

## २।अवस्था विश्लेषण

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्था विश्लेषण हो । हालको अवस्था विश्लेषणका लागि मुख्य हिसावले ३ वटा क्षेत्र निर्धारण गरिएकोछ । जसको विवरण निम्नानुसा प्रस्तुत गरिएकोछ ।

## २।१। SWOT विश्लेषण

चन्द्रागिरी नगर पालिकाको लैससासको दृष्टिकोषवाट बलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीतिकानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशीता, मानव संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुसासन तथा उत्तरदायीत्वमा समावेशीताका आधारमा रहेर विश्लेषण गरिएको छ ।जसलाई निम्नानुसार तल प्रस्तुत गरिएकोछ ।

### क. बलियो पक्ष (Strength)

१। वार्षिक कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरु प्रसस्त रुपमा समावेश भएको ।
२। योजना, महिला बालबालिका पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरि बनेको
३। विभिन्न क्षेत्रगत कानूनहरुको निर्माण भएको र यसले नीतिगत रुपमा लैससास लाई सम्बोधन गरेको
४। अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भई प्रभावकारी रुपमा कार्यान्वनय भएको ।
५। हरेक निकाय तथा समितिहरुमा महिला लक्षित वर्गको सहभागिताको सुनिश्चितता भएको छ ।
६। उपभोक्ता समितिहरुमा महिला सहभागिता अनिवार्य गरेको छ ।
७। नीति कानून कार्यविधि निर्माण गर्न सक्षम जनशक्ति उपलव्ध भएको ।
८। महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको
९। महिला पुरुष एवम रैथाने तथा आप्रवासी कामदार तथा श्रमजिवी उपर ज्यालामा विभेद रोक्ने प्रावधान रहेको ।
१०। कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता ३३(भन्दा वढी भएको ।%३५% )
११। कार्यरत कर्मचारी मध्ये ३३(भन्दा वढी महिला कर्मचारी भएको । %२८)
१२। महिला तथा लक्षीत वर्गका लागि जिविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन गरेको ।
१३। महिला बालबालिका जेष्ठ नागरिक शाखा स्थापना र सचालन भएको

१४। सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको ।

१५। लैङ्गिक हिंसा निवारण, महिला सीप विकास, नेतृत्व विकास को श्रोत व्यवस्थापनका लागि कोष स्थापना गरि कार्यान्वयन गरेको ।

१६। लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको ।

१७। विपद व्यवस्थापन कोष परिचालनमा नीति तथा कार्यविधि निर्माण भएको

१८। लक्षित वर्गको सरकारी जागीर प्रवेशका लागि लोकसेवा तथा शिक्षक सेवा पुर्व तयारी कक्षा संचालन गरी लक्षित वर्ग रोजगारी कार्यक्रममा प्रत्यक्ष रुपमा सहयोग पुर्याएको ।

१९। महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रममा बजेट विनियोजन गरेको ।

२०। स्थानीयतह भित्र हुने गरेका सामाजिक कुरीतिहरु छुवाछुत), बालविवाह, बहुविवाह हटाउनको ( लागि कार्यक्रमहरु संचालन गरेको।

२१। महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन भएको कानूनी हक ) अधिकार, एकल महिला मानव बेचविखन यौन हिंसा आदी(

२२। उमेर पुगेका सवै बालबालिकाहरु विद्यालय भर्ना भएका ।

२३। सवै विद्यालयमा महिला पुरुष शौचालय तथा हात धुने व्यवस्था भएको ।

२४। निशुल्क प्रसूति सेवा, नवजात शिशु तथा सुत्केरीका लागि विशेष कार्यक्रम संचालन गरेको । गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रयोजनका लागि निशुल्क एम्वुलेन्स सेवा संचालन भएको ।

२५। भौतिक पुर्वाधारका सवै डिजाइन हरुमा लैससास मैत्री प्रावधानहरु समेट्ने गरिएको ।

२६। सवै विद्यालयमा किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गरेको

२७। निराक्षर महिलाहरुका लागि विशेष कार्यक्रम संचालन गरेको ।

२८। प्रजनन स्वास्थ्य, एड्स, क्यान्सर र आङ खस्ने लगायतका विषयहरुमा स्वास्थ्य सचेतना कार्यक्रम संचालन भएको ।

२९। लक्षीत तथा विपन्न वर्गको निशुल्क स्वास्थ्य वीमा भएको ।

३०। खुल्ला दिसा मुक्त पालिका घोषणा भएको र त्यसको निरन्तर ापिबधि गउ भएको ।

३१। लैङ्गिक हिंसा तथा घरेलु हिंसा पिडितहरुले न्यायिक समिति तथा मेलमिलाप केन्द्र मार्फत विना खर्च न्याय पाएको ।

३२। संघीय र प्रदेश सरकारका नीति नियम कार्यक्रमको कार्यान्वयनमा नगरपालिका सहकार्य समन्वय गरेको

३३। नियमित रुपमा कार्यक्रमको सार्वजानिक परीक्षण, सामाजिक परीक्षण, सार्वजानिक सुनुवाई मार्फत कार्यक्रमको सार्वजानिक गरेको ।

३४। सार्वजानिक लेखापरीक्षण सामाजिक परीक्षण तथा सार्वजानिक सुनुवाईमा लक्षित समूहलाई प्रश्न राख्न दिने र छलफल गर्ने गरेको ।

३५। जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता निर्माण गरि अनुशासनमा बाँधिएको

३६। बार्षिक नीति तथा कार्यक्रम छापा प्रकाशन तथा वेभसाइड मार्फत नीयमित रुपमा सार्वजानिक गरेको

३७। सुस्त श्रवण भएका तथा नेपाली भाषा नवुझ्नेहरुका लागि विशेष व्यवस्था गरी नगरका कुनै सूचना वाट वञ्चित हुन नदिएको

## ख. कमजोर पक्ष

१। लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार नभएको ।

२। नगरपालिकाले लैंगिक तथा सामाजिक समावेशिकरण रणनीति निर्माण नभएको ।

३। महिलाहरुको छूट्टै खण्डिकृत डाटा (बस्तुगत विवरण) नभएको ।

४। स्थानीय तहले योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई लैससासको पक्षवाट हेर्ने नगरेको

५। लैङ्गिक उत्तरदायी तथा समाजिक समावेसी वजेट निर्माण एवम परीक्षणलाई वजेट व्यवस्थान नभएको ।

६। दीगो विकासको लक्ष्यका लक्ष्य नं १, ५,१० र १६ लाइ तोकेर बजेट विनियोजन नगरिएको

७। कुनै नीति नियम कार्यविधि दिगदर्शन जारी गर्नुभन्दा अगाडी लैससासको दृष्टिले उपयुत्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण नगरेको ।

८। निश्चित प्रतिशत वजेट लक्षित वर्गमा विनियोजन नगरेको

९। उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल गरेको अभिलेख नभएको

१०। योजना तर्जुमा प्रकृयामा लैससासको दृष्टिकोणवाट विश्लेषण भएको अभिलेख नभएको

११। महिला पुरुष विचको असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको ।

१२। कार्यालयमा हुनसक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचारसंहिता वनाएर लागु नभएको ।

१३। मानव संसाधन विकास शाखाको स्थापना नभएको ।

१४। पदाधिकारी तथा कर्मचारी लैससास सम्बन्धी जानकार भएपनि कार्यान्वयन पक्ष लैससास मैत्री नभएको।

१५। स्थानीय तहका सवै पदाधिकारीहरुलाई कानूनको मस्यौदा तर्जुमा तथा प्रकृयाका वारेमा अभिमुखीकरण नभएको ।

१६। महिला हक र अधिकार सम्बन्धी वेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा पदाधिकारीलाई अभिमुखीकरण नभएको तथा प्रतिवद्धता कार्यान्वयनका लागि बजेट विनियोजन नभएको।

१७। कर्मचारीहरुलाई पछिल्लो समय निर्माण भएका कानून कार्यविधि हरुका वारेमा नियमित अभिमुखीकरण हुन नसकेको ।

१८। सार्वजानिक स्थल तथा कार्यालयहरुमा स्तनपान गृह नभएको ।

१९। गर्भवती महिलालाई जोखीम तथा खतरा युक्त काममा नलगाउने नीति तयार नभएको ।

२०। भौतिक पूर्वाधारका ड्र्इङ डिजाइनहरु लैससासमैत्री भएपनि सो अनुसार निर्माण नभएको ।

२१। यौनिक तथा लैङ्गिक अल्प संख्यकका लागि बजेट विनियोजना तथा शौचालयहरुमा विशेष व्यवस्था नभएको ।

२२। लैससास सम्बन्धी सरोकारवाला निकाय विच समन्वय तथा सहकार्यकालागि संयन्त्र निर्माण नभएको साथै अनुशिक्षण नभएको ।

२३। योजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा नभएको

२४। जनप्रतिनिधिहरुको विस्तृत वैयत्तिक विवरण वेभसाइडमा नराखिएको ।

२५। सामाजिक संजालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सुचना, समाचार तथा सन्देशमुलक विषय वस्तु आदि प्रकाशन नभएक/ कम भएको ।

२६। योजना कार्यान्वयनमा उत्कृट शाखालाई पुरस्कृत गर्ने परिपाटी नहुनु । *जसले कानून कार्यान्विनयका आधारमा उत्कृष्ट शाखा तथा वडाहरुलाई पुरस्कृत गरी निर्माण भएका कानूनहरुको व्यवहारिक पक्षको अध्यन विश्लेषण गर्ने सकिनेप्रावधान भएको)*

२७। प्रसस्त उद्योगहरु हुनु रोजगारीका अवसरहरु प्रसस्त नहुनु ।

२८। स्वास्थ्य वीमा कार्यक्रमलाई सवै घरधुरीमा पुर्याउन प्राविधिक सहयोगका लागि गैससले काम गरिनरहेको ।

२९। किसान सम्मान, अभिनन्दन, पुरस्कार आदी कार्यक्रम नियमित रुपमा नहुनु । किसान र कृषि प्रवर्द्धन गर्न सकिने ।

३०। विद्धयालयमा नैतिक शिक्षा नहुनु ।

## ग. अवसर

१. विभिन्न जातजाती, समुदाय बिच सामाजिक र सस्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने उपयुक्त सामाजिक वातारण रहेको ।

२. आवश्यक पर्ने कानून नीति नीयम बनाउन सक्ने दक्ष जनशक्ति स्थानीय तहमा उपलव्ध हुनु ।

३. विभिन्न गैह्रसरकारी संघसंस्थाको कार्यक्षेत्रको रुपमा स्थानीय तह हुनु ।

४. युवा कर्मचारीको वाहुल्यता रहेकोमा युवा जोस र जाँगरलाई पालिकाको सर्वाङ्गिण हितमा प्रयोग गर्न सकिने

५. महिला तथा लक्षित वर्गका विभिन्न समूहरु क्रियशिल हुनु । *जसमा नियमित रुपमा नेतृत्व ) विकास तथा समूह संचालनका वारेमा गतिविधि हुनाले महिला तथा लक्षित वर्ग हुनाले महिला तथा लक्षित वर्गका कार्यक्रमहरु महिला तथा लक्षित वर्गवाटै संचालन गर्न सकिने प्रावधान ।*

६. स्थानीय तहका सवै कार्यालयहरुमा महिला हिंसा तथा विभेद हुन नदिनका लागि लैङ्गिक हिंसा न्यूनीकरण आचार संहिता निर्माण गर्न गैससले सहयोग गरिरहेको हुनु ।

७. संघीय सरकार तथा प्रदेश सरकार संग प्रत्यक्ष पहुँच राख्ने जनप्रतिनिधिहरु हुनु ।

८. वालमैत्री, लैङ्गिक मैत्री, अपाङ्ग मैत्री जस्ता विकास मोडलका विषय विज्ञहरु स्थानीय तहमा हुनु ।

९. एक घण्टाको पहुँच भित्र सवै नागरिकका लागि स्वास्थ्य सेवाको पहुँच हुनु । सवै गर्भवती महिलाहरुलाई सुरक्षित रुपमा प्रसूति गराउन सकिने (

१०. अंग्रेजी माद्यमवाट पठनपाठन हुने सरकारी विद्यालयहरु हुनु । शैक्षिक तथा अन्य कार्यक्रमहरु समावेश गरी सरकारी विद्यालयमा विद्यार्थीहरुको आकर्षण वढाउन सकिने जहाँ किसान गरिब तथा मजदुरका छोराछोरी पठनपाठन गर्छन( ।

११. सुफत मूल्यका सहकारी पसलहरु स्थापना संचालनमा हनु ) महिला तथा लक्षित वर्गलाई प्रत्यक्ष राहात दिन सकिने (

१२. कृषि तथा नैतिक शिक्षा जस्ता व्यवाहारिक विषयहरु विद्यालयमा पठन पाठन हुनु ।

१३. आवशयक सवै शाखामा पर्याप्त जनशक्ति हुनु ।

१४. अन्तराष्ट्रिय सन्धी संझौता तथा प्रतिवद्धताहरु लाई स्थानीयकरण गर्न गैससले प्राविधिक सहयोग पुर्याउनु ।

१५. अनुगमन मूल्याङ्कनमा लैससास सम्बन्धी सूचकहरु पहिचान समावेश गर्नका लागि आवश्यक काम हुनु ।

१६. अन्तराष्ट्रिय प्रतिवद्धता तथा महासन्धीहरुका वारेमा जनप्रतिनिधिहरु जानकार हुनु ।

## घ. चुनौतीहरु

१। छुवाछूत,लैङ्गिक विभेद, पुत्रमोह जस्ता परम्परागत कु मान्यता विरुद्धका नीति नियम कार्यविधि कार्यान्वयनमा जटीलता ।

२। मागमा आधारित भौतिक योजनाहरुको कार्यान्वनय गर्दा लैससास प्राथमिकिकरण नीति वनाउन कठिन

३। गरिबी पहिचानका आर्थिक, सामाजिक आधारहरु ठाउँ अनुसार फरक फरक पर्ने भएकोले गरीवी मापनका सुचकहरु निर्माण गर्न ।

४। विशेष गरि महिलाद्वारा सम्पादित घरभित्रको विना पारिश्रमिकको कामको मूल्याङ्कन गर्न ।

५। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्माण भएका ऐन, नियम, कानून, कार्यविधि कार्यान्वन गर्न ।

६। समाजमा जरा गाडेर वसेको सामाजिक कुरीतिहरु, छुवाछुत, जातीगतआरोप, बोक्सी आरोप लागाउने घरेलु हिंसा को अन्त्यका लागि विभिन्न कार्यक्रम हरु सञ्चालन गर्न (

७। मोवाइल को दुरुपयोग र बाल बालिकाको उमेरमा नै व्यापक प्रयोगले बालविवाह अवैध वच्चा जन्माउने तथा परिपक्व उमेरमा पुग्दा सम्वन्ध विच्छेद हुने जस्ता संभावना वढ्दै गाएको ।

८। संघीयताको अभ्यासको चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठीन ।

९। कृषि प्रति युवा लाई आकर्षित गर्न र जीविकोपार्जनको प्रमुख आधारको रुपमा कृषिलाई स्थापित गर्न ।

१०। सामाजिक सञ्जाल मार्फत हुने गरेका र हुन सक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन गर्न ।

११। दुर्व्यसनीमा युवाहरुको संलग्नता बढ्दै जानु ।

१२। कानुनी ज्ञान,आवश्यक नीति नियम आदी को अभावले मेलमिलाप केन्द्रहरु प्रभाकारीरुमा कार्यान्वयन गर्न ।

चन्द्रागिरि नगरपालिकाले सबल पक्षमा रहेका कुराहरु सबै अगाडी बढाएको तर आंशिक रुपमा अघि बढेको वा भर्खर सुरु हुदै गरेको पाइयो । धेरै कामहरु भैरहेको छ । नीतिहरु बनि रहेका छन्

कार्यन्वान्का क्रममा छन् ।अवसरलाई उपयोग गर्दै चुनौती पहिचान गरि घटाउदै जाने र कमजोरीहरुलाई निमिट्यान्न पर्ने भन्ने कुराहरु सहभागीहरुबाट आएको छ ।

## २।२। सरोकारवाला पहिचान

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति योजना कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा संपर्क हुने, दोश्रो माद्यमवाट सम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरी निम्नानुसार ३ भागमा तय गरिएको छ ।

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु ) | दोश्रो माद्यमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरु ) | अप्रत्यक्ष संपर्क हुने हरु (तेश्रो नं का सरोकारवालाहरु ) |
|---|---|---|
| महिलाबालबालिका तथा जेष्ठ नगारिक शाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, बागमती प्रदेश |
| योजना शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सवै |
| शिक्षा शाखा | बैक तथा वित्तीय संस्थाहरु | प्रदेश योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरु | प्रदेश सुशासन केन्द्र |
| सहकारी शाखा | वालक्लवहरु | भूमी व्यवस्था आयोग |
| खानेपानी तथा सरसफाइ शाखा | आमा समूहहरु / फरक क्षमता भएकाका लागि काम गर्ने सस्थाहरु/ राजनीतिक महिला समितिहरु | संघीय मन्त्रालयहरु |
| युवा तथा खेलकुद शाखा | जेष्ठ नगारिक मिलन केन्द्रहरु | महिला आयोग |
| प्रशासन शाखा | विद्यालयहरु | दलित आयोग |
| सवै वडा कार्यालयहरु | गैह्रसरकारी संस्थाहरु | मुस्लीम आयोग |
| गाउँ र नगर कार्यपालिका | स्वयम सेवक समूहहरु | राष्ट्रिय योजना आयोग |
| गाउँ र नगर सभा | उद्योग वाणिज्य संघ | मानव अधिकार आयोग |
| न्यायिक समिति | राजनैतिक दलहरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| विषयगत समितिहरु सवै | संचार माद्यमहरु | राष्ट्रिय स्तरका संचार माद्यमहरु |

## २।३। लक्षितवर्ग पहिचान

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएकोछ ।

| | | |
|---|---|---|
| १। महिला | २। किसान | ३। लैङ्गिक तथा यौनिक अल्पसंख्यक |
| ४। एकल महिला | ५। मजदुर | ६। सडक वालवालिकाहरु |
| ७। बालबालिका | ८। फरक क्षमता भएका व्यक्ति | ९। भौगोलिक रुपमा पछाडी परेको वर्ग |
| १०। जेष्ठनगारिक | ११। द्वन्द्वपिडित | १२। मधेसी |
| १३। आदिवासी जनजाती | १४। विपन्न वर्ग | १५। पिछडिएको क्षेत्र र समुदाय |
| १६। मुस्लीम | १७। सुकुम्वासी | १८. घरेलु हिंसामा परेका /बलत्कार शोषणमा परेका महिलाहरु र तिनका सन्तान |
| १९. अल्पसंख्यक/ लोपोन्मुख | | |

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणवाट चन्द्रागिरि नगर पालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु देखिएका छन । वलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौती संगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु तथा सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ ।धेरै भन्दा धेरै सवल पक्षहरु पहिचान भएका छन ती सवल पक्षहरुलाई श्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ ।

## ३। दीर्घकालिन सोच (ख्ष्कष्यल०

"न्यायपुर्ण र विभेदमुक्त, लैङ्गिक तथा समाजिक समावेशीयुक्त पालिका निर्माण गर्ने"

## ४। ध्येय (:ष्ककष्यल०

सार्वजानिक जीवनमा जात, वर्ग, क्षेत्र र  लिंगका आधारमा हुने गरेको विभेदको अन्त्य गर्ने ।

## ५। लक्ष (न्यबभ्०

न्यायोचित तथा समतामुलक विकासको माद्यमवाट वहिस्करणमा परेको वर्गलाई मुल प्रवाहमा ल्याउने।

## ६। उदेश्य (इदवभअतष्खभक०

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको मान्यता अनुरुप स्थानीय तहले गर्ने सम्पूर्ण विकासका तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो । यस रणनीतिका उदेश्यहरु निम्नानुसार रहेका छनः

१. लैङ्गिक उत्तरदायी बजेट निर्माण  मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्ने ।
२. श्रोत साधनमा लक्षित वर्गको पहुँच  अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।
३. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने ।
४. नीति-कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गरी आवाज सशक्तीकरण गर्ने ।
५. संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने ।
६. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर  वनाउने।
७. अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने ।
८. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइ संग सम्बन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

## ७।लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति ९न्भक्ष एयष्अथ०

माथि उल्लेखित उदेश्यहरु परिपुर्तीको लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिनेछ ।

१। वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास,पुर्वाधार, कृषि वन तथा भूमीसुधार,गरिबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने

२। हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औंल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।

३। महिला तथा बालबालिका संग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने ।

४। पालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक ,अपाङ्गता, जेष्ठनागरिक, दलित,लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।

५। लैससास वारे संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि, साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने

६। लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।

७। वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।

८। लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।

९। बालबालिका तथा अपाङ्ग एवम जेष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।

१०। मानव संसाधन विकास शाखा स्थापाना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।

११। निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने ।

१२। सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने ।

१३। शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## ८। लैससास रणनीति (न्भक्ष क्तचबतभनथ०

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लगि तपशिलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछः

### ८।१ मूल प्रवाहिकरण

क। महिला, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर , सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।

ख। लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने ।साथै कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माद्यमवाट लैङगिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

### ८।२ समावेशीकरण

विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक, सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

### ८।३ स्थानीयकरण

अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हासील गर्ने ।

### ८।४ सशक्तिकरण

लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रमबजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।

क। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता संगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।

ख। स्वरोजगार रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माद्यमवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।

ग। कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माद्यमवाट विपन्न तथा बञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने ।

## ८।५ सचेतीकरण

क।लैङ्गिक समानता तथा समाजिक समावेशीकरण वारे संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शन का प्रावधान कार्य प्रणाली र समावेशीताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथा परीणाममा एकरुपता ल्याउने ।

ख।समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल )ऋचयकक अगततष्लन ष्ककगभ( को रुपमा छलफल गर्दै लैजाने ।

## ८।६ संस्थागत संरचना

क।संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने ।

## ८।७ समन्वय

क। विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा ,बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने ।

ख। प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

## ८.८ सहकार्य

क। लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि पालिकाभित्र विभिन्न शाखा हरु तथा अन्य विकास साझेदारहरु बैक वित्तीय संस्था सहकारी उद्योग वाणिज्य संघ घरेलु उद्योग तथा गैह्र सरकारी संघ ) विच सहकार्य (संस्थागर्ने ।

ख। प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु संग लैससास मैत्री साझा प्रतिफल हासील गर्न सहकार्य गर्ने ।

## ८.९ सहजीकरण

क। वहिस्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जूमा देखि अनुगमन मूल्याङ्कन सम्म हरेक चरणमा वस्ती तथा समुदाय स्तरमा नै सहजिकरण गर्ने संयन्त्र विकास गरी परिचालान गर्ने।

ख। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को क्षेत्रमा काम गर्ने सरकारी गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजिकरण गर्ने ।

## ८.१० सामाजिक सुरक्षा

क। नागरिक, जो आफै आफूलाई संरक्षण गर्न सक्दैन त्यस्ता नगारिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, जेष्ठ नागरिक,अपाङ्गता भएका ब्यक्तिहरु तथा एकल महिलाहरु यस अन्तरगत पर्दछन भने ती वर्गको संरक्षण स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

ख। सामजिक सुरक्षा अन्तरगत अल्प संख्यक, सिमान्तकृत, लोपउन्मुख जातजातीहरु, दलित, मुस्लीम लगायत पर्दछन र ती वर्गको सुरक्षा स्वाथ्य शिक्षा तथा जीविकोपार्जन मा सहयोग गर्दै लैजाने ।

## ८.११ अनुगमन मूल्याङ्कन

क। प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

## ९ . रणनैतिक कृयाकलापहरु

| क्र सं | उदेश्य | नीति | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरु | पुस्त्याईका आधारहरु |
|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्ने । | वार्षिक बजेट निर्माण गर्दा सामाजिकविकास ,पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने | लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने । | १. लैससास मैत्री योजना तर्जुमा तथा कार्यान्वयनका लागि निश्चित प्रतिशत पुजिगत बजेट विनियोजन गर्ने ।<br>२. योजना संकलन तथा प्राथमिकिकरण प्रकृयामा नै लक्षित बर्गको सहभागिता अनिवार्य गर्ने ।<br>३. लैङ्गिक उत्तरदायी योजना तर्जूमा प्रकृयालाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।<br>४. लैङ्गिक उत्तरदायी योजना तर्जुमा प्रकृयाबाट आवधिक योजना तर्जूमा गर्ने ।<br>५. लैङ्गिक उत्तरदायी योजना तर्जुमाका लागि सुचकहरु तयार गरी त्यसैको आधारमा योजना तर्जुमा मापन र परीक्षण गर्ने ।<br>६. लैङ्गिक उत्तरदायी वजेट तर्जूमा तथा कार्यान्वयनका | १. वार्षिक वजेटमा कम्तीमा ३५% पुजीगत बजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ<br>२. लैससास मैत्री आवधिक योजना तयार भएको हुनेछ ।<br>३. लैङ्गिक उत्तरदायी योजना तर्जूमा तथा मापन सम्बन्धी सूचकहरु निर्माण भएका हुनेछन ।<br>४. योजना तर्जुमा प्रकृयामा लक्षित वर्गको पूर्ण | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. आवधिक योजना<br>३. योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>४. कार्यपालिकाका वैठकका निर्णयहरु<br>५. सभाका बैठकका निर्णयहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | लागि सरोकारवाला पक्षलाई क्षमता अभिवृद्धि गर्ने ।<br>७. लैङ्गिक उत्तरदायी बजेट तर्जूमा तथा मूल्याङ्कन गर्न आवश्यक सूचना तथा तथ्याङ्कलाइ व्यवस्थित गर्ने प्रणालिको विकास गर्ने ।<br>८. सेवा प्रदायक अन्य निकायहरुलाई लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रकृयाका वारेमा अभिमुखीकरण गर्ने । | सहभागिता भएको हुनेछ ।<br>५. लैङ्गिक उत्तरदायी बजेट हेर्ने सुचना प्रणालीको विकास भएको हुनेछ । | |
| २ | श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने । | हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा | विकासका अवसरवाट बञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्रसंग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई वार्षिक | १. लक्षित वर्गको खण्डिकृत तथ्यांक संकलन गरि हरेक वर्ष अद्यावधिक गर्दै लैजाने<br>२. कानून तथा कार्यविधिमा महिला तथा बञ्चितकरणमा परेका समूदायको लागि उल्लेख भएका प्रवधानहरुका वारेमा सरोकारवाला पक्ष लाई सुसुचित गर्ने । | १. लक्षित वर्गको खण्डिकृत विवरण वार्षिक रुपमा अध्यावधिक भएको हुनेछ ।<br>२. कानून , कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवा ग्राहीहरु लाई | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. कानून कार्यविधि वारेमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति ।<br>३. उपभोक्ता समिति गठन तथा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने । | रुपमा मूल्याङन गर्दै लैजाने । | ३. जीविकोपार्जन संग जोडिएका आर्थिक गतिविधि हरुमा लक्षित वर्गका लागि निर्दिष्ट बजेट विनियोजन गर्ने ।<br>४. संघ संस्थामा प्रतिनिधित्व, शाखाप्रमुखको जिम्मेवारी प्रदान, अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई पहिलो प्राथमिकतामा राखेर गर्ने<br>५. राजनैतिक नेतृत्व तथा जम्मेवारी वाडफाँडमा महिला एवम लक्षित वर्ग लाई निश्चित प्रतिशत सहभागिता प्रदान गर्ने<br>६. महिला तथा लक्षित वर्गको कार्यबोझ कम गर्ने सरल तथा समय वचत हुने खालका व्यवहारिक ) ( आवश्यकता पुरा हुने | अभिमुखीकरण भएको हुनेछ ।<br>३. लक्षित वर्गको जीविकोपार्जन हुने गरी निर्दिष्ट बजेट विनियोजन भएको हुनेछ ।<br>४. उपभोक्ता समिति, कार्यदल हरुमा लक्षित वर्गको समानुपातिक सहभागिता भएको हुनेछ ।<br>५. लक्षित वर्गको व्यवहारिक आवश्यकता परिपुर्ती गर्न घरेलु उद्योग बैकल्पिक उर्जा जस्ता कार्यक्रम संचालन गर्ने । | परिचालन कार्यविधि<br>४. कार्यपालिका तथा सभाका निर्णय हरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कार्यक्रममा बजेट विनियोजन गर्ने ।<br>७. महिला तथा लक्षित वर्गको स्थिति परिवर्तन गर्ने खालका शिक्षा रोजगारी संग ) रणनैतिक (सम्बन्धीत कार्यक्रम बजेटमा समावेश गर्ने । | ६. लक्षित वर्गको लागि लोकसेवा पुर्वतयारी कक्षा शिक्षा सेवा आयोग सम्बन्धी कक्षा हरु संचालन गर्ने रणनैतिक आवश्यकता ( | |
| ३ | लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने । | महिला तथा बालबालिका संग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने । | अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी लागू गर्ने । | १. दीगो विकास लक्ष का १७ वटा लक्षहरुका स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारिहरु लाई क्षमता विकास गरि परिचालान गर्ने<br>२. बेइजिङ सम्मेलन गरेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई अभिमुखीकरण गरी कार्यान्वयनका लागि योजना तर्जुमा गर्ने | १. दीगो विकास लक्ष, महिला माथि हुने सवै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु,<br>□□□□□□□<br>□□□□□□□<br>संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी सम्बन्धी | १. अन्तराष्ट्रिय सन्धि संझौता अभिमुखीकरणको उपस्थिति तथा माइन्युट ।<br>२. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>३. कार्यान्वयन लागि वनेका कार्यविधिहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ३.संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० तथा संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ वारेमा कर्मचारी तथा जनप्रतिनिधिलाई अभिमुखीकरण गरी कार्यान्वयनमा ल्याउने।<br>४.उल्लेखित सवै अभिमुखी करण पश्चात स्थानीयकरण गरी लागु गर्ने<br>५.स्थानीयकरण पश्चात वार्षिक कार्यक्रममा बजेट विनियोजन तथा कार्यान्वयन गर्ने ।<br>६.आवश्यक कानून तथा कार्यविधि तयार गर्ने । | अभिमुखीकरण भएको हुनेछ ।<br>२. अन्तराष्ट्रिय सन्धि संझौताको स्थानीयकरण भएको हुनेछ ।<br>३. स्थानीयकरण भएका संन्धि संझौता कार्यान्वयन गर्न बजेट विनियोजन भएको हुनेछ । | ४. कार्यपालिका तथा सभाका निर्णयहरु । |
| ४ | नीति, कानून र योजनामा नै महिला तथा | पालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, | संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा | १.लैससास सम्बन्धी संघीय तथा प्रादेशिक कानूनले व्यवस्था गरे अनूरुपका | १.कानून कार्यविधिले निर्दिष्ट गरेका संस्थागत | १. वार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लक्षित वर्गको समावेशिता सुनिश्चित गर्ने । | निर्देशिका कार्यविधि महिला,बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठनागरिक, दलित,लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने । | व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने । | संस्थागत संरचनाहरु निर्माण गर्ने ।<br>२.कानून कार्यविधिहरु निर्माण गर्दा लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गर्ने ।<br>३.महिला पुरुष तथा रैथाने र आप्रवासी कामदारहरु विच हुने विभेद अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्ने<br>४.योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यवहारिक र रणनीतिक आवश्यकता परिपूर्ति गर्ने गरि गर्ने ।<br>५.विगतमा बनेका कानून कार्यविधिहरु लैङ्गिक समानता तथा सामाजिक समावेशी करणका दृष्टिकोणले उपयुक्त भए | संरचनाहरु निर्माण भएका हुनेछन ।<br>२. नयाँ वन्ने सवै कानून कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरिएको हुनेछ ।<br>३.महिला पुरुष तथा रैथाने र आप्रवासी कामदाहरु विच हुने विभेद अन्त्यका लागि नीति तयार भएको हुनेछ ।<br>४.विगतमा वनेका कार्यविधिहरु आवश्यता अनुसार संसोधन भएका हुनेछन ।<br>५.कानून कार्यविधि तथा विकास | २. कानून विश्लेषणका लागि कार्यदल गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका<br>३. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि वनेका शौचालयहरु तथा अन्य संरचनाहरुको स्थलगत अवलोकन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | नभएको विश्लेषण गरी आवश्यक संसोधन गर्ने ।<br>६.कानून कार्यविधिमा तथा विकास प्रकृयामा यौनिक तथा लैङ्गिक अल्पसंख्यक हरुका विषयहरुलाई समावेश गर्ने ।<br>७.सवै क्षेत्रको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानापातिक सहभागिताका लागि कानुनी व्यवस्था गर्ने । | कृयाकलापमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु समावेश भएका हुनेछन ।<br>६.समानुपातिक नेतृत्व का लागि कानूनी व्यवस्था भएको हुनेछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने | १. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।<br>२. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष | १.संस्थागत जिम्मेवारी दिदा तथा शाखा व्यवस्थापन गर्दा प्रमूखको रुपमा महिला लाई प्राथमिकता दिने ।<br>२. लक्षित वर्गको लागि महिला जनजाती तथा जेष्ठ नागरिक जनप्रतिनिधि समावेस गरी विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने ।<br>३.महिला पुरुष समविकास कार्यनीति निर्माण गरी कार्यान्वयन गर्ने<br>४.कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार , जातीय भेदभाव तथा महिला हिंसाका नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी लागु गर्ने<br>५.आदिवासी जनजाती दलित लगायत अन्य लक्षित | १.शाखा प्रमुखमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ ।<br>२.लक्षित वर्गको लागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ ।<br>३.महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ<br>४.यौन दुर्व्यवहार जातीय भेवभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुनेछ ।<br>५.महिला बालबालिका शाखामा जनशक्ति | १. कार्यपालिकाका निर्णय पुस्तिका<br>२. विशेष सेवा प्रदायक कार्यदलको बैठकको निर्णय प्रतिलिपि<br>३. महिला पुरुष समविकास कार्यनीति<br>४. महिला बालबालिका शाखाको प्रत्यक्ष अवलोकन<br>५. ब्रुसर रेडियो टेलिभिजन कार्यक्रमका अडियो भिडियो समाग्रिहरु । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | समविकासलाई वढावा दिने ।<br>३. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने । | समूहका महिलाको सशक्ति करणका लागि वजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि वनाउने<br>६.महिला बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने<br>७.लैससास सम्बन्धी सूचना एवम सचेतनामूल सामाग्रीहरु तयारी तथा प्रकाशन प्रशारण गर्ने ।<br>८.उपभोक्ता समिति गठन तथा परिचानल गर्दा महिला तथा यौनिक एवम लैङ्गिक अल्प संख्यकहरुको सहभागितालाई अनिवार्य गर्ने । | सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ<br>६. लैससास सम्बन्धी सचेतना मुलक व्रसर तथा रेडियो टेलिभिजन कार्यक्रम संचालन भएको हुनेछ । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउदै लैजाने। | १. मानव संसाधन विकास शाखा स्थापाना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।<br>२. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरु वारे मा कर्मचारी हरु लाई अद्यावधिक गर्दै लैजाने । | लक्षित वर्गको क्षमता अभिवृद्धि संगै सीप विकास गरेर आर्थिक गतिविधिहरुमा समावेस गरेर आत्म निर्भर वनाउने | १. लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने<br>२. लैससास बजेट खर्च कार्यविधि तयार गर्ने<br>३. पालिकाले आयोजना गर्ने प्रत्येक तालीममा लैङ्गिक समानता सामाजिक समावेशी करण विषयलाई अकाट्य सवाल को रुपमा राख्ने नीति वनाउने ।<br>४. मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने ।<br>५. लैङ्गिक हिंसा निवारण कार्य विधि वनाउने ।<br>६. कार्यस्थल तथा सार्वजानिक स्थलमा महिला किशोरी तथा बालबालिका माथि हुने यौन जन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानुनी व्यवस्थाको प्रचार प्रसा गर्ने । | १. वार्षिक वजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२. मानव संसाधन तथा क्षमता विकास शाखाको स्थापना भएको हुनेछ ।<br>३. लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ<br>४. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने यौन दुर्व्यहारमा कमी आएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि<br>३. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने दुर्व्यवहारमा विरुद्ध निर्णय भएका माइन्यूटहरु<br>४. प्रत्यक्ष अवलोकन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | अनौपचारिक मूल्य मान्यता कु संस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने | सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने । | समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने । | १. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता लिइ यसमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई पुरस्कार तथा दण्डको व्यववस्था गर्ने ।<br>२. हिंसा प्रभावित बेचविखनमा परेका महिला तथा यौनिक र लैङ्गिक अल्पसंख्यकहरुका लागि सेवा केन्द्र स्थापना गर्ने<br>३. सचेतनामुलक कार्यक्रमलाई रेडियो टिभि पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने<br>४. लैङ्गिक हिंसा निवारण आचारसंहिता निर्माण गरी त्यसको पालना गर्ने ।<br>५. अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने ।<br>६. सवै वडामा महिला कानूनी सचेतना कक्षाहरु संचालन गर्ने<br>७. सामाजिक कुरीति विरुद्ध छोटो भिडियोहरु वनाउने, सडक नाटक प्रस्तुत गर्ने । | १. सामाजिक कुरीति हरुका विरुद्ध श्रव्य दृष्य सामाग्री निर्माण भएको हुनेछ<br>२. हिंसा प्रभावित महिला तथा यौनिक अल्पसंख्यकहरुका लागि सेवाकेन्द्र स्थापना भएको हुनेछ ।<br>३. अन्तरजातीय विवाह गर्ने जोडीहरु सम्मानित भएका हुनेछन ।<br>४. वडास्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना | १. वार्षिक बजेट तथा नीति कार्यक्रम<br>२. श्रव्य दृष्य सामाग्री हरु<br>३. सामाजिक संजाल मा गरिएका पोष्टहरु<br>४. अन्तरजातीय विवाह गर्ने जोडी सम्मान कार्यक्रमको अभिलेख<br>५. प्रत्यक्ष अवलोकन ( सेवा केन्द्र) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | कार्यक्रम संचालन भएको हुनेछन । | |
| ८ | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइ संग सम्बन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने । | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने | प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने । | १. आफ्नै घरवाट नीराक्षर महिलाहरुलाई साक्षार वनाउने कार्यक्रम संचालन गर्ने ।<br>२. शिक्षण अभ्यास संगै निश्चित निराक्षरलाई साक्षार वनाउने शैक्षिक नीति अवलम्वन गर्ने ।<br>३. यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा शौचालय वैकल्पिक व्यावस्थापन गर्ने र अव वन्ने शौचालयमा सवैलाइ पुग्ने गरी निर्माण गर्ने<br>४. स्वरोजगार वन्न चहाने र वैदेशिक रोजगारीमा जान खोज्नेको सुचना संकलन गरी आवश्यक तालीम प्रदान गर्ने । आवश्यकता अनुसार बजेट विनियोजन गर्ने | १. संभावना रहेका सवै निराक्षरहरु साक्षार भएका हुनेछन<br>२. यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा वैकल्पि शैचालयको व्यवस्था भएको हुनेछ ।<br>३. वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहाने यूवाहरुका लागि सीप विकास तालीम संचालन भएको हुनेछ । | १. वार्षिक प्रगती प्रतिवेदन<br>२. तालीम सम्पन्न प्रतिवेदन<br>३. कार्यपालिका निर्णयहरु<br>४. सभाका निर्णयहरु<br>५. अनुमगन मुल्याङ्न फारम हरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ५. आवश्यक वजेट विनियोजन गरी विपन्न परिवार स्वास्थ्य वीमा कार्यक्रम सुरु गर्ने<br>६. अव उप्रान्त वन्ने सवै सार्वजानिक भवनहरुमा स्तनपान कक्ष सहिच ड्रइङ डिजाइन गर्ने र कार्यान्वयन गर्ने<br>७. जोखिमयूक्त काम गरेर जीवन निर्वाह गर्नु पर्ने गर्भवती महिलाहरुको लागि राहात प्याकेज ल्याउने<br>८. हरेक ६ महिनामा सार्वजानिक सुनुवाइ वार्षिक रुपम समाजिक परिक्षण र नियमित रुपमा सार्वजानिक परीक्षण गर्ने<br>९. हरेक अनुगमनमा लैससास दृष्टिकोणवाट गर्ने गरी फारमहरु तयार गरी कार्यान्वयन गर्ने । | | |

## १०. वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ नै तथापी यसमा अतिरिक्त वाह्य श्रोत प्राप्त भएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुल प्रवाहीकरण को कार्य गर्ने नत्र नगर्ने हुन सक्दैन । यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ । लैससास मुल प्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछः

क. लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने ।

ख. भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने ।

ग. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैंक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेट ले तय गरेका विषयगत क्षेत्रहरुमा अद्ययन गरी आवश्य परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्न

छ. सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने ।

## ११. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन गर्नु पर्दछ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि पालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ । तर कार्यपालिकाले पास गरी सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयन मा आउने छन ।

## १२. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ (लैससास परिक्षण दिगदर्शन २०७८ ले व्यवस्था गरेको ) भने सवै शाखा तथा वडा कार्यालयहरुले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका प्रमुख एवम उपप्रमुख/ उपाध्यक्षको हुनेछ भने आवश्यकत अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छूटेका विषयहरु पहिचान गर्न सकिनेछ ।यो स्थानीय तहमा कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नुपर्नेछ ।रणनैतिक कृयाकलाप का वारेमा सवै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरि वार्षिक प्रगति प्रतिवेदनमा लैसाससको अवस्था प्रस्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाउने ।

## १३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

क. रणनीति कार्यान्वयनको सम्वन्ध भनेको मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण रहन्छ । लैससास परीक्षण दिगदर्शनले निर्दिष्ट गरेका १०० सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

ख. स्थानीय तह भित्र कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससास को दृष्टिकोणले समेत गरेर प्राप्त उपलव्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गर्ने ।

ग. स्थानीय तहमा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास महाशाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गर्ने ।जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु पालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धीत पक्षलाई सुझाव प्रदान गर्ने । वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सो को समेत अनुगमन गरि प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रतिवेदन पेश गर्ने ।

घ.

## १४. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु

### १४.१ संभाव्य जोखीम

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसार जोखिमहरु आउन सक्ने अवस्थाको पहिचान गरियको छ ।

क. लैससासका बिषयमा भ्रम भइ लैङ्गकि समानता रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छपर्याप्त / ध्यान नजान सक्छ।

ख. सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा लक्षित वर्गको समानुपातिक सहभागिता नहुँदा लैङ्गकि समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्छ ।

ग. भौतिक रुपमा देखिने बिकास कार्यमा मात्र ध्यान जाने र लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समास्या हुनसक्छ।

घ. लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुनसक्छ ।

ङ. विषयगत शाखा तथा अन्य सरोकारवालाहरु विच लैससास रणनीति कार्यान्वयन अन्यौल विविधता तथा दोहोरोपना हुनसक्त ।

### १४.२ जोखीम न्यूनीकरणका उपायहरु

क. तयार परियाका लैससास नीति बारे सबै सरोकार पक्षसंग अभिमुखीकरण गर्ने.

ख. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम,गोष्ठी तथा छलफलको आयोजना गर्ने ।

ग. बहुपक्षीय सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य बढाउने ।

घ. स्थानीय तहका हरेक वैठकमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समिक्षा गर्ने ।

ङ. विषय विज्ञहरु संग नियमित परामर्श गर्ने ।

## १५ निश्कर्ष

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा वनेका नीति तथा रणनीतिहरुलाई कार्यान्वयन गर्न र अन्तराष्ट्रिय स्तरमा भएका सन्धी संझौता एवम प्रतिवद्धताहरुलाई स्थानीयकरण गरी वार्षिक नीति र कार्यक्रममा समाविष्ट गर्दै लैजान आवश्यक छ । नीतिहरु वन्ने तर कार्यान्वयन नहुने कुरा हालको प्रमुख चुनौतीको रुपमा देखा परेको छ त्यसैले अनुगमन मूल्याङ्कनको क्षेत्रमा व्यापक सुधार गरी हरेक कृयाकलापलाई लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको नजरले मूल्याङ्कन गर्ने परिपाटी विकास गर्दै लैजान पर्दछ । प्रदेश सुशासन केन्द्रले कम्तिमा १ कार्यकाल कार्यन्वयनमा निगरानी र सहजीकरण गर्न प्रयास

गरोस र प्रत्यक  पालिकामा कार्यन्वयन सहजकर्ता तोकी निश्चित समय सम्म लक्षित वर्गलाई न्यायोचित अवसर दिदै लैजाने हो भने चाडै नै लक्षमा पुग्न सकिन्छ ।